यात्रा

नर्थ डाकोटा यात्रुहरूको लागि यात्रासम्बन्धि जानकारी

नोट: यात्राका आवश्यकताहरू गन्तव्य र वाहक अनुसार भिन्न-भिन्न हुने भएकाले (आवश्यक पर्ने परीक्षणको प्रकार [PCR वा र्‍यापिड एन्टिजेन], विशेष सङ्कलन, COVID-19 परीक्षणका आवश्यक कागजातहरू, खोप आदि) आफ्नो यात्रासँग सम्बन्धित आवश्कताहरू पहिचान गर्नु यात्रुको जिम्मेवारी हो। साथै, तपाईंलाई के फिर्ता गर्न आवश्यक हुन्छ भन्ने बारे सूचित गरिएको छ भनी सुनिश्चित गर्नुहोस्। नर्थ दाकोटा स्वास्थ्य विभाग तपाईंको गन्तव्यमा संयुक्त राज्य अमेरिका, वाहक वा अन्य गन्तव्यका आवश्यकताहरू पूरा गर्न कस्ता विकल्पहरू उपलब्ध छन् भन्ने बारे सचेत छैन।

तपाईं यात्रा गर्न लाग्दै हुनुहुन्छ?

तपाईं हाल नर्थ दाकोटाभन्दा बाहिर यात्रा गर्दै हुनुहुन्छ?

तपाईं नर्थ दाकोटामा यात्रा गर्दै हुनुहुन्छ (वा फर्कदै हुनुहुन्छ)?

*कृपुा नर्थ दाकोटा राज्य प्रयोगशालाबाट जाँच नतिजाहरू प्राप्त गर्न 72 घण्टासम्म अनुमति दिनुहोस्। नमूना प्रयोगशालामा आइपुग्दा समय सुरु हुन्छ, सङ्कलनको समयमा होइन। जाँचका नतिजाहरू स्थान र वाहकका रूटहरूमा निभरे रहेर फरक हुन सक्छन्। तपाईंलाई नीजि परीक्षण सुविधामा परीक्षण गरिन्थ्यो भने, आफ्ना नतिजाहरूको लागि तिनीहरूलाई सम्पर्क गर्नुहोस्।

तपाईं यात्रा गर्न लाग्दै हुनुहुन्छ?

यात्रा परीक्षणका नतिजाहरू

तपाईं आफ्ना नतिजाहरू खोजिरहनुभएको छ जसकारण तपाईं यात्र गर्न सक्नुहुन्छ? कृपया एकपटक आफ्नो यात्राको सर्वेक्षण मात्र पेश गर्नुहोस्। अनुरोधहरू दिनहुँ बिहान 8:00 बजेदेखि राती 9:00 बजेसम्म निरीक्षण गरिन्छ। नतिजाहरू उपलब्ध हुने बित्तिकै उपलब्ध गराइनेछ।

र्‍यापिड एन्टिजेन परीक्षण नतिजाहरूका लागि नतिजा हटलाइन 701-204-6664 हो, व्यक्तिलाई BinaxNow नतिजा वा नतिजाको प्रतिलिपि चाहिएमा वा अन्य सहायता आवश्यक भएमा सोमबारदेखि शनिबारसम्म बिहान 8:00 बजेदेखि साँझ 5:00 बजेसम्म उपलब्ध छ।

तपाईं नर्थ डाकोटाभन्दा बाहिर यात्रा गर्दै हुनुहुन्छ भने र COVID-19 परीक्षण गराउन आवश्यक भएमा, सामुदायिक परीक्षण कार्यक्रम, स्थानीय जनस्वास्थ्य एकाई, संघीय रुपमा मान्यताप्राप्त स्वास्थ्य केन्द्रहरू वा परीक्षण उपलब्ध गराउने फार्मेसीमा सम्पर्क गर्नुहोस्। तपाईंको परीक्षण साइटमा, कृपया तपाईंले यात्रा सम्बन्धी उद्देश्यहरूका लागि परीक्षण गराउँदै हुनुहुन्छ र तपाईंलाई आफ्नो गन्तव्यका लागि कस्तो प्रकारको परीक्षण आवश्यक पर्दछ भनी कर्मचारीलाई बताउनुहोस्। तपाईं यात्रु हो भनी खुलासा गर्नाले तपाईंको नतिजालाई खुलासा गर्रिँदैन वा तपाईंको नतिजा छिटो आउँदैन; यसले हामीलाई तपाईंको नतिजा उपलब्ध हुने बित्तिकै उक्त नतिजा तपाईंलाई उपलब्ध गराउनका लागि थप सहजै तपाईंको नमूना ट्र्याक गर्न अनुमति दिन्छ।

राज्यभन्दा बाहिरका यात्रा सम्बन्धी परीक्षण साइटहरू

तपाईंको परीक्षणमा आवश्यक पर्ने कुराहरूका लागि साध्य विकल्पहरूलाई सूचीबद्ध गर्न सकिँदैन भन्ने कुरालाई ध्यानमा राख्दै, परीक्षण साइटहरूको सूचीका लागि यहाँ क्लिक गर्नुहोस्। तपाईंको एयरलाइन र गन्तव्यमा भएका आवश्यकताहरूलाई सधैँ प्रमाणित गर्नुहोस्।

तपाईंलाई ND राज्य प्रयोगशालाको CLIA प्रमाणपत्रको प्रतिलिपि आवश्यक भएमा, कृपया यहाँ क्लिक गर्नुहोस्।

तपाईंलाई यात्राका लागि "आइसोलेसनको खुलासा" वा "रिकभरीको कागजात" को प्रमाण आवश्यक भएमा, कृपया यात्रासम्बन्धी सर्वेक्षण भर्नुहोस्।

तपाईंलाई ND मा लगाएको खोपको प्रमाण आवश्यक भएमा, कृपया यहाँ जाँच गर्नुहोस्।

तपाईं बिरामी हुनुहुन्छ वा गत 14 दिनमा तपाईं COVID-19 संक्रमित कोही व्यक्तिको सम्पर्कमा आउनुभएको छ भने यात्रा नगर्नुहोस्। तपाईंको परीक्षण पोजेटिभ हुन्छ र तपाईं संक्रामक अवधिमा हुनुहुन्छ भने हवाइ यात्राका लागि अनुमति दिंइदैन।

तपाईं हाल नर्थ दाकोटाभन्दा बाहिर यात्रा गर्दै हुनुहुन्छ?

यात्रा गर्दा:

आफू र आफ्नो वरिपरिका मानिसहरूको सुरक्षा हेतु मास्क लगाउनुहोस्।

सम्भव हुँदा सामाजिक दूरी कायम राख्नुहोस्।

बारम्बार आफ्ना हातहरू धुनुहोस्।

आफ्नो आँखा, नाक र मुख नछुनुहोस्।

फिर्ता हुनका लागि तपाईंलाई के आवश्यक हुन्छ भन्ने बारे तपाईं सूचित हुनुहुन्छ भनी निश्चित गर्नुहोस्। नर्थ दाकोटा स्वास्थ्य विभाग तपाईंको गन्तव्यमा संयुक्त राज्य अमेरिका, वाहक वा अन्य गन्तव्यका आवश्यकताहरू पूरा गर्न कस्ता विकल्पहरू उपलब्ध छन् भन्ने बारे सचेत छैन।

तपाईं नर्थ दाकोटा जाँदै हुनुहुन्छ?

नोट: संयुक्त राज्य अमेरिकामा फिर्ता हुनका लागि तपाईंलाई के आवश्यक हुन्छ भन्ने बारे तपाईं सूचित हुनुहुन्छ भनी निश्चित गर्नुहोस्। नर्थ दाकोटा स्वास्थ्य विभाग तपाईंको गन्तव्यमा संयुक्त राज्य अमेरिका, वाहक वा गन्तव्यका अन्य आवश्यकताहरू पूरा गर्न कस्ता विकल्पहरू उपलब्ध छन् भन्ने बारे सचेत छैन।

नर्थ दाकोटामा फिर्ता जाँदै

नर्थ दाकोटा राज्यले CDC का निम्न मार्गनिर्देशनका लागि सिफारिस गर्छ:

यात्रापछिको 3-5 दिनभित्र भाइरल परीक्षण गराउनुहोस् र घरमा बस्नुहोस् र यात्रापछिको पूरा 7 दिन स्वयं क्वारेन्टाइनमा बस्नुहोस्।

तपाईंको परीक्षण नेगेटिभ आएतापनि, घरमा बस्नुहोस् र पूरा 7 दिन स्वयं क्वारेन्टाइनमा बस्नुहोस्।

तपाईंको परीक्षण पोजेटिभ आउँछ भने, अन्य व्यक्तिलाई संक्रमणबाट बचाउन आफैं अलग्गै बस्नुहोस्।

यदि तपाईं परीक्षण गराउनुहुन्न भने, यात्रापछि घरमै बस्नुहोस् र 10 दिनसम्म स्वयं क्वारेन्टाइनमा बस्नुहोस्।

तपाईंले परीक्षण गराए वा नगराएपनि 14 दिनसम्म गम्भीर बिमारीका लागि बढ्दो जोखिममा हुने मानिसहरूको वरिपरि नबस्नुहोस्।

यदि तपाईंको परीक्षण पोजेटिभ आउँछ वा तपाईंमा COVID-19 का लक्षणहरू देखिन्छ भने, अन्य मानिसबाट आफूलाई अलग राख्नुहोस् र नर्थ दाकोटा स्वास्थ्य विभागका सिफारिसहरूको पालना गर्नुहोस्।

नर्थ दाकोटाका अतिरिक्त सिफारिस वा आवश्यकताहरू छैनन्। विद्यमान राज्य स्वास्थ्य अधिकारीका आदेशहरू हेर्न यहाँ क्लिक गर्नुहोस्।




यात्रा

COVID-19 सार्वजनिक स्वास्थ्य हटलाइन 866-207-2880 मा उपलब्ध छ, यदि यो समय संवेदनशील छ वा यात्रा सर्वेक्षण फाराम पेश गर्न असक्षम हुनुहुन्छ भने सोमबारदेखि शुक्रबारसम्म बिहान 8:00 बजेदेखि साँझ 5:00 बजेसम्म विकल्प 1 थिच्नुहोस्।